## पृष्ठभूमि

मानव समाजको विकास क्रमसंगै विकसित हुँदै आएको गुठी प्रथा नेपाली समाजको सभ्यता र परम्पराको लामो श्रृंखलाहरुमा आवद्ध भएको पाईन्छ । यही सभ्यता र संस्कारको संरक्षण एवं सम्वर्द्धन गर्नका लागि हाम्रा पूर्वजहरुले मठ-मन्दिर, धर्मशाला, पाटी-पौवा, बाटो-घाट, हिटी, धारा, कुवा, स्थापना गरी पर्व पूजा जात्रा आदिको व्यवस्था लगायत तीर्थयात्री, जोगी, सन्यासी आदिलाई सदावर्तका साथै गरीव-गुरुवालाई सीधा हण्डी र सार्वजनिक अस्पताल, विद्यालय आदि परोपकारी र सामाजिक कार्यको सञ्चालनार्थ आफ्नो जीवनभरको कमाईवाट चल अचल सम्पत्ती उदात्त भावनाले छुट्याई राखिदिएका छन् । दाताले छुट्टयाई राखेका ती चल-अचल सम्पत्ति नै गुठी हो ।

पर्यटकिय महत्व समेत वोकेका राष्ट्रिय मठ, मन्दिर एवम् जात्रा, यात्रा, पर्व, नाच-गान, भजन आदि नै नेपालको छुट्टै चिनारी झल्काउने सांस्कृतिक धरोहर हुन् । जाती, समाज र सिङ्गो राष्ट्रको स्वतन्त्र अस्तित्वको पहिचान गराउने निधिहरु धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक सम्पदाहरु नै हुन् । यिनै सम्पदा राष्ट्रको गौरव हुन्, राष्ट्रिय पर्यटन व्यवसायको आधार स्तम्भ हुन् । यिनीहरुलाई बचाउने, बचाई राख्ने कार्यमा खलल पुग्न गयो भने हाम्रो संस्कृती लोप हुन जाने हुन्छ । संस्कृति एक पटक लोप हुन गयो भने यसको पुनर्प्राप्ती असम्भव छ ।

गुठी भनेका जग्गा जमिन वा भोगको विषय होइन । यो कला, संस्कृति, परम्परा र धर्मको समग्र रुप हो, राष्ट्रको पहिचान हो, समाजको जीवन पद्धति हो । व्यक्ति विशेषको इच्छा र आकांक्षा गुठी संचालन र संरक्षणमा बाधक हुन सक्दैन भन्ने मानसिकताको विकास हामी सबैमा हुन जरुरी छ । समग्रमा गुठी भनेको हामी सबैको साझा सम्पत्ति हो । त्यसैले समयानुकूल यसको संरक्षण, संम्वर्द्धन, संचालन र व्यवस्थापनमा सबै एक जुट भएर अघि बढ्नु आजको टड्कारो आवश्यकता हो ।

वर्तमान परिवर्तित सन्दर्भमा हाल भएका र विगतमा प्रस्ताव गरिएका संशोधन समेतलाई आधार लिई जग्गा प्रशासनवाट अलग गरी गुठी सम्बन्धी सम्पूर्ण काम कारवाही हेर्ने छाता संगठनको रुपमा यसलाई विस्तार र विकास गरी स्पष्ट नीति, निर्देशन, दिशाबोध र प्रभावकारी कार्यक्रम सञ्चालन गर्न गुठी ऐनलाई चाँडो भन्दा चाँडो समयसापेक्ष परिमार्जित कानूनको रुप दिन अपरिहार्य छ ।

काठमाडौं उपत्यकामा शासन गर्ने लिच्छवीहरु गणतन्त्र प्रणालीका अनुयायी थिए । उनीहरुको सामाजिक कार्य सम्पादन गर्ने पाञ्चाली हुन्थे या त गोष्ठी हुन्थे । समान धर्म विचार, जातिको समूह गोष्ठी हुन्थ्यो, भने समान धर्म जाती नभएका व्यक्ति पनि समावेश हुने स्वायत्त शासनको इकाई पाञ्चाली हुन्थे र सामाजिक कार्य क्षेत्रभित्र पर्ने काममा अर्पण गरिएका जग्गाको व्यवस्था पाञ्चालीवाट हुने गर्थ्यो ।

वि.सं.२००७ साल अघिसम्म राजगुठी अन्तरगतका अमानतमा संचालित गुठीको बन्दोवस्त गुठी बन्दोवस्त अड्डावाट हुने र छुट गुठीहरुको बन्दोवस्त तथा संचालन लिखत परम्परा बमोजिम छुट गुठीका गुठीयारहरुवाट हुँदै आएको पाईन्छ । २००७ सालमा प्रजातन्त्रको स्थापना पछि गुठीको बन्दोवस्त अर्थ मन्त्रालयवाट हुने व्यवस्था भएको थियो । केन्द्रीयस्तरको कार्य गुठी बन्दोवस्त अड्डावाट भई रहेकोमा वि.सं.२०१८ सालमा गुठी बन्दोवस्त अड्डाको पुनर्गठन भयो । गुठीको रकम असूल गर्न र खर्च गर्न गुठी तहसिल र गुठी खर्च अड्डा भन्ने नामले

मालपोत विभाग अन्तरगत रहेको पाइन्छ । नेपालको संविधान,२०१९ ले गुठी रकम (देवस्व) लाई राज्यकोषवाट अलग गरेकाले राजगुठीको वन्दोवस्त र संचालन गर्न गुठी संस्थान स्थापना भयो । गुठी संस्थान ऐन लागू हुनु पूर्व सम्पूर्ण गुठीका कर्मचारीहरु नेपाल सरकार कै कर्मचारी भएका र तिनीहरुवाटै गुठीको वन्दोवस्त हुने हुनाले गुठीका कर्मचारी प्रशासनको सम्पूर्ण खर्च पनि तत्कालिन सरकारले नै व्यहोरेको थियो ।

## संक्षिप्त परिचय

### १. स्थापना :

संस्थान स्थापना हुनु अघिसम्म सम्पूर्ण राजगुठीको बन्दोवस्त र संचालन कार्यका लागि काठमाडौं उपत्यकामा मात्र पनि सम्बन्धित उपत्यकाञ्चल कमिश्नर मजिष्ट्रेट, जिल्ला मजिष्ट्रेट अफिस मातहत रहने निम्न लिखित १५ वटा कार्यालय थिए-

१_ श्री ५ सरकार गुठी तहसिल पैला

२_ श्री ५ सरकार गुठी बन्दोवस्त

३_ श्री ५ सरकार गुठी तहसिल दोश्रा

४_ श्री ५ सरकार गुठी खर्च

५_ श्री ५ सरकार गुठी लगत जाँच

६_ श्री ३ सरकार गुठी बन्दोवस्त

७_ श्री ३ सरकार गुठी तहसिल

८_ श्री ३ सरकार गुठी बनाउने

९_ श्री ३ सरकार गुठी ढुकुटी

१०_ पशुपति गोश्वारा

११_ पशुपति भण्डार तहविल

१२_ श्री ५ सरकार गुठी जाँच

१३_ श्री ५ सरकार गुठी तहबिल फाँट

१४_ मच्छेन्द्र गुठी

१५_ भक्तपुर गुठी खर्च ।

नेपालको संविधानको धारा ५९ ले गुठी रकमलाई सरकारी कोषबाट अलग गरेकोले राजगुठीलाई नेपाल सरकारको अधीनबाट झिकी एक संस्थाको जिम्मा सुम्पी राजगुठीहरुलाई सुव्यवस्थित रुपले संचालन गराउन गुठी संस्थानको स्थापना भएको हो (ऐनको प्रस्तावना) । विभिन्न वर्गका जनताका वीच सुसम्बन्ध कायम राख्ने उद्देश्यले गुठी संस्थान सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गरी बढी प्रभावकारी र सामयिक व्यवस्था गर्न वि.सं.२०२९, र २०३३ मा संशोधन भएको ।

## २. गुठीको परिभाषा :

देवी देवताको पर्व पूजा जात्रा चलाउन वा मठ मन्दिर, देवस्थल आदि जस्ता धार्मिकस्थल वा अन्य सामाजिक परोपकारी र साँस्कृतिक कार्यको लागि दाताले आफ्नो हक छाडी राखी दिएको सम्पत्तिलाई गुठी भनिन्छ ।

**गुठी दुई प्रकारका छन् :**

२.१ **राजगुठी :** गुठी संस्थानको स्थापना हुनु पूर्व नेपाल सरकाले बन्दोवस्त र संचालन गरी आएकोमा गुठी संस्थान ऐन, २०२१ को दफा २(घ) बमोजिम त्यस्ता गुठीमा नेपाल सरकारबाट संस्थानमा हक र दायीत्व सर्न आई संस्थानले बन्दोवस्त र संचालन गरेको गुठी राजगुठी हुन् । यसमा अमानत र छुट गुठी गरी दुई प्रकारका छन् :

२.१.१ **अमानत गुठी :** गुठीको सम्पूर्ण आयस्ता गुठी कोष (संस्थानको कोष) मा जम्मा गरी खर्च पनि सोही कोषबाट विनियोजित बजेट बमोजिम हुने गुठी । यस्ता गुठी १०५० छन् ।

२.१.२ **छुट गुठी :** गुठीको आयस्ता गुठीयार आफैंले उठाई लिखत तथा परम्परा बमोजिम गुठीको पर्व पूजा जात्रा चलाई बाँकी रहेको शेष कसर सम्म राजगुठीमा बुझाउने वा गुठीयार आफैले खान पाउने गरी छुट पाएका गुठी । यस्ता गुठीका गुठीयार, महन्थ, पुजारी आदिको सम्पूर्ण हक ऐनको दफा १९ ले समाप्त गरी संस्थानमा सरेको छ । यस्ता गुठी १०३२ छन् ।

२.२ **निजी गुठी M** राज गुठीको लगतमा दर्ता नभएका र व्यक्ति आफैले स्थापना र संचालन गर्दै आएका व्यक्तिगत वा पारिवारिक दुनिया गुठीलाई निजी गुठी भनिन्छ । यस्ता गुठीको लगत सम्म संस्थानले लिन सक्ने व्यवस्था दफा १९ क ले गरेको छ । निजी गुठीका दाता सहित अधिकांश गुठीयारले लिखित अनुरोध गरेमा त्यस्तो गुठी संस्थानले जिम्मा लिई संचालन गर्न सक्तछ भने सामाजिक हितको लागि राखिएको निजी गुठीका गुठीयारले गुठीको सम्पत्ति हिनामिना गरी धर्मलोप गरेमा गुठीयारले अनुरोध नगरे पनि ऐनको दफा २०(२) बमोजिम संस्थानले आफ्नो जिम्मामा लिई संचालन र बन्दोवस्त गर्न सक्तछ ।

## ३. गुठी संस्थानको काम, कर्तव्य र अधिकार:

३.१ राजगुठी माथि संस्थानको हक दायित्व राखी व्यवस्था र संचालन गर्ने ।

३.२ छुट गुठी र निजी गुठीलाई राजगुठीमा लिई व्यवस्था र संचालन गर्ने ।

३.३ धार्मिक पर्वपूजा दानपत्र, लिखत र परम्परा बमोजिम चलाउने, चलाउन लगाउने, अनुगमन गर्ने

३.४ आवश्यक्तानुसार कामदार र खर्चको दरवन्दी तथा फजुल खर्च घटाई राजगुठी व्यवस्थित रुपले चलाउने ।

३.५ मठ मन्दिरमा चढ्ने भेटीघाटीको व्यवस्था गर्ने ।

३.६ गर गहना र धार्मिक, सांस्कृतिक वस्तुको लगत राखी संरक्षण गर्ने/गराउने ।

३.७ गुठीको निमित्त खर्च गर्दा सकभर सोही गुठीको आम्दानीबाट गर्ने ।

३.८ घर पसल बनाई बहालमा दिने आदि ।

३.९ राजगुठीको चल-अचल सम्पत्ति वा त्यसबाट भएको आम्दानी, हाल भइरहेको वा थप कुनै धार्मिक, शैक्षिक, सामाजिक, सांस्कृतिक वा परोपकारी संस्था वा कार्यमा लगाउने,

३.१० तैनाथी जग्गामा खेती गर्ने, भू-बहालमा दिने, लिजमा दिने, विक्री गर्ने,

३.११ संस्थानको व्यवस्थापकिय र प्रशासनिक काम कारवाही गर्ने आदि ।

## ४. गुठी जग्गा :

गुठी संचालनको लागि खर्चको स्रोत जुटाउन आयस्ता आउने गरी दाताले आफ्नो हक छाडी राखिदिएका जग्गा नै गुठी जग्गा हुन् । गुठी जग्गा पाँच प्रकारका छन् :

**४.१ गुठी तैनाथी जग्गा M** कोही कसैको हक नभएको देवस्थल, बाग, बगैंचा, पोखरी, पाटी, पौवा रहेका क्षेत्रका जग्गा र संस्थानले वाली ठेक्का, बहाल आदिमा दिन वा लिलाम गरी बिक्री गर्न सक्ने जग्गा ।

**४.२ गुठी अधीनस्थ जग्गा :** दर्तावालाले गुठीमा कुत बुझाउनु पर्ने जग्गा अर्थात मोही लागेका गुठी जग्गा । यस्ता जग्गामा दर्तावाला र जोताहा मोही भएमा दर्तावालाको सम्पूर्ण हक समाप्त भई खास जोताहा किसानले प्रचलित कानून बमोजिम मोहीयानी हक पाउँछ ।

**४.३ गुठी रैतान नम्बरी जग्गा :** दर्तावालाले गुठीमा मालपोत बुझाउनु पर्ने जग्गा । यस्ता जग्गामा दर्तावालाको हक हैसियत सरकारी रैकर जग्गाका जग्गावाला सरह हुन्छ र रैकर जग्गा सरह नै मालपोत गुठीमा बुझाउनु पर्छ ।

**४.४ गुठी नम्बरी जग्गा :** गुठीका नाममा दर्ता भएका रैकर जग्गालाई गुठी नम्बरी जग्गा मानिन्छ । यस्ता जग्गाको मालपोत गुठीले स्थानीय निकायलाई बुझाउनु पर्छ ।

**४.५. खान्गी जग्गा:** ऐनमा खान्गी जग्गा भनी छुट्टै परिभाषा नगरिए पनि गुठीको निश्चित काम गरे वापत गुठीका कामदारले जोती भोग गर्न पाउने जग्गालाई गुठीका खान्गी जग्गा भनिन्छ । अर्को भाषामा भन्दा यी जागिर जग्गा हुन् ।

## ५. गुठी संचालनका लागि आयश्रोत :

५.१. ठेक्का (तैनाथी जग्गा, पोखरी, बाग वगैंचा आदि)

५.२. गुठी तैनाथी जग्गाको बाली ठेक्का

५.३. कुत (अधीनस्थ जग्गा)

५.४.मालपोत (रैतान नम्बरी जग्गा)

५.६. बहाल

५.६.१ लिज (वहाल करार)

५.६.२. पसल बहाल

५.६.३. भूवहाल

## ६. व्ययका क्षेत्र :

६.१.पूजा

६.१.१. नित्य पूजा

६.१.२. पर्व पूजा

६.२. यात्रा, जात्रा र पर्वहरु

६.३. रकमी कामदारको पारिश्रमिक

६.४ बली (दोपाया चौपाया)

६.५. सम्पदा संरक्षण

६.६. प्रशासनिक

६.७. अन्य

## ७. संगठनात्मक व्यवस्था

७.१ गुठी सम्वन्धी प्राचिन रीतिस्थिति, धार्मिक विधि, परम्परा एवं धर्म सम्वन्धी अन्य व्यवस्थामा आवश्यक परेका बखत संचालक समितिलाई राय परामर्श दिन धार्मिक सामाजिक, शैक्षिक क्षेत्रमा ख्याती प्राप्त विद्वान तथा साधु सन्तहरु मध्येवाट नेपाल सरकारवाट मनोनीत एकजना सभापति सहित पाँचजना सदस्य भएको एक विद्वत समिति रहने छ ।

७.२ गुठी संस्थान ऐन, २०३३ को दफा ९ बमोजिम नेपाल सरकारले नियुक्त गरेको व्यक्तिको अध्यक्षतामा सह-सचिव स्तरका गृह मन्त्रालयको प्रतिनिधि, कानून मन्त्रालयको प्रतिनिधि, संस्कृति मन्त्रालयको प्रतिनिधि, भूमिसुधार तथा व्यवस्थापन बिभागको महानिर्देशक (पदेन सदस्य), र नेपाल सरकारले देशको धार्मिक, सामाजिक क्षेत्रवाट मनोनित गरेका गुठी सम्बन्धी काममा अनुभव प्राप्त तीनजना व्यक्ति सहितको सदस्य तथा संस्थानका प्रशासक सदस्य-सचिव रहेको ९ (नौ) जनाको सञ्चालक समिति हुन्छ । सञ्चालक समिति (Board Of Directors) संस्थानको सर्वोच्च निकाय हो

७.३ नेपाल सरकारले संस्थानमा एकजना प्रशासक नियुक्त गर्नेछ र संस्थानले संगठनात्मक व्यवस्था गरी आवश्यकता अनुसार कर्मचारी र सल्लाहकारहरुको नियुक्त गर्न सक्नेछ ।

७.४ संस्थानको प्रधान कार्यालय काठमाडौंमा रहने छ । सो अन्तर्गत हाल काठमाडौ उपत्यकामा पाँच, काभ्रे, जनकपुर, महोत्तरी र वीरगञ्जमा एक-एक गरी ७ जिल्लामा ९ वटा शाखा कार्यालयहरु छन् । आवश्यकता अनुसार अन्य शाखा कार्यालयहरु रहने कानूनी व्यवस्था छ । गुठी संस्थानको आफ्ना शाखा कार्यालयहरु नभएको ६१ जिल्लामा गुठी शाखा कार्यालयले गर्ने सम्पूर्ण काम कारवाही मालपोत कार्यालयवाट गर्न सकिने कानूनी व्यवस्था छ ।

७.५ गुठी सम्पत्ति र जग्गाको सुव्यवस्था गर्नका लागि नेपाल सरकारले आवश्यकता अनुसार जिल्ला गुठी संचालन सहयोग समिति गठन गर्न सक्ने कानूनी व्यवस्था छ ।

७.६ काठमाडौं शाखा कार्यालय, केन्द्रीय गुठी लगत तथा अभिलेख शाखा कार्यालय, भक्तपुर शाखा कार्यालय, ललितपुर शाखा कार्यालय, जनकपुर धनुषा स्थित शाखा कार्यालयमा अधिकृत द्वितीय श्रेणीको कार्यालय प्रमुख रहने व्यवस्था छ भने अन्य शाखा कार्यालयहरुमा अधिकृत तृतीय श्रेणीको कार्यालय प्रमुख रहने व्यवस्था छ ।

७.७ संस्थानका काम कारवाही सम्बन्धी सूचना प्रवाह गर्न, सेवाग्राहीहरुको गुनासा व्यवस्थापन गर्न केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुमा नोडल अधिकृत (Nodal Officer) र संवैधानिक निकाय तथा मन्त्रालयहरुवाट प्राप्त निर्देशनहरु कार्यान्वयन गराउन र जानकारी उपलब्ध गराउन केन्द्रीय कार्यालयमा फोकल प्वाईन्ट (Focal Point) को व्यवस्था गरिएको छ।

७.८ संस्थानको विद्यमान दरवन्दी व्यवस्था निम्नानुसार रहेको छ -

७.८.१ केन्द्रमा रहेको दरबन्दी :

(१) प्रशासक - १

(२) सहप्रशासक - २,

(३) उप-प्रशासक - ४ (प्रशासन-२, प्राविधिक-१, लेखा-१)

(४) सहायक-प्रशासक - ११ (प्रशासन-५, प्राविधिक-२, लेखा-३, कानून-१,)

(५) बरिष्ठ सहायक - २५ ( प्रशासन-१०, प्राविधिक-८, लेखा-५, कानून-२ )

(६) कार्यालय सहायक -१६ (प्रशासन-१४, प्राविधिक-२)

(७) सवारी चालक - ३ जवान,

(९) पियन - ८

जम्मा ७० जना

| ७.८.२ शाखा कार्यालयहरुमा रहेको दरवन्दी | | कर्मचारी दरबन्दी |
|---|---|---|
| (१) शाखा कार्यालय, काठमाडौं, | - | २१ |
| (२) शाखा कार्यालय, ललितपुर, | - | १३ |
| (३) शाखा कार्यालय, भक्तपुर, | - | १४ |
| (४) पशुपति गोश्वारा कार्यालय, पशुपति, | - | ७ |
| (५) केन्द्रीय गुठी लगत तथा अभिलेख शाखा कार्यालय,भद्रकाली, | - | १६ |
| (६) शाखा कार्यालय, जनकपुर, धनुषा, | - | १७ |
| (७) शाखा कार्यालय महोत्तरी, जलेश्वर, | - | १० |
| (८) शाखा कार्यालय, वीरगञ्ज, | - | ११ |
| (९) शाखा कार्यालय, काभ्रे। | - | ६ |
| जम्मा .............................. | | ११५ |

## ८. संस्थानले गरिआएका केही कार्यहरु :

### ८.१. प्राचीन मूर्ति तथा गरगहनाको व्यवस्था :

गुठीका प्राचीन मूर्ति तथा गरगहना जिम्मामा रहेका गुठीयार, महन्त, पुजारीले त्यस्ता मूर्ति, गरगहना, भाँडा आदि सुरक्षित हुने गरी लगत बनाई संस्थानबाट जँचाई राख्नु पर्छ। गुठीयार, महन्त,

पुजारी आदि अदली बदली हुँदा बर बुझारथ गर्नुपर्छ । देवी देवताको बेचल्तीका गरगहना भाँडा बर्तन आदि जिम्मा लिने व्यक्तिले त्यस्ता सामान सुरक्षित साथ राख्न संस्थानमा बुझाउन सक्छ भने संस्थानले चाहेमा संस्थानमा बुझाउन लगाउन पनि सक्ने व्यवस्था ऐनको दफा ४४ मा गरिएको छ देवी देवतालाई चढाएको गरगहना, भाँडा वर्तन र अन्य जिन्सी सम्पत्तिको सुरक्षाको लागि संस्थानले आवश्यक व्यवस्था गर्न सक्छ । देवी देवतालाई चढाएका त्यस्ता सामाग्री जाँच्दा मनासिव कारणले बाहेक नपुग भएको देखिएमा सो जिम्मा लिने व्यक्तिबाट भर्ना हाल्न लगाउन सक्नेछ । सट्टा भर्ना नहालेमा विगो बमोजिमको रकम सरकारी बाँकी सरह असुल गर्न संस्थानले सक्छ । गर गहना तथा अन्य सम्पत्ति कसैले हिनामिना गरेकोमा विगो बमोजिम जरिवाना समेत प्रशासकले गर्न सक्छ ।

## ८.२ गुठी जग्गा लगत अनुसार नै दर्ता गर्ने :

कसैले गुठी अधीनस्थ (मोही लागेको) जग्गा गुठी रैतान नम्बरी (रैकर सरह) मा, गुठी तैनाथी जग्गा गुठी अधीनस्थ वा गुठी रैतान नम्बरीमा वा गुठी जग्गा रैकरमा दर्ता गराएको प्रमाणित हुन आएमा प्रशासकले त्यस्तो जग्गा गुठी संस्थान ऐन, २०३३ को दफा ३९ को उपदफा (१) बमोजिम पुनः साविक लगत बमोजिमको गुठी जग्गामा नै दर्ता सक्नेछ । त्यस्तो जग्गाको अघि दर्ता भएको लगत कट्टा हुन्छ । यस्तो निर्णयमा चित्त नबुझे ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावदेन लाग्छ । देवस्थल रहेका वा देवी, देवता, देवस्थल, पर्व पूजा, जात्रासँग सम्बन्धित धार्मिक एवम् सार्वजनिक पर्ति जग्गा कसैको नाममा दर्ता गर्नु हुँदैन । यदि त्यस्तो जग्गा कसैको नाममा दर्ता भएको रहेछ भने पनि ऐनको दफा २५ (४) बमोजिम संस्थानले त्यस्तो जग्गाको दर्ता बदर गर्न सक्नेछ ।

## ८.३ घर बनेको गुठी जग्गा दर्ता गर्ने

गुठी रैतान नम्बरी जग्गा बाहेक अन्य गुठी जग्गामा घर बनाउन संस्थानको स्वीकृति लिनु पर्छ, तोकिएको दस्तुर बुझाएमा गुठी अधीनस्थ जग्गाका मोहीलाई संस्थानले घर बनाउने स्वीकृति दिन्छ । कसैले गुठी जग्गामा संस्थानको स्वीकृति नलिई निम्न तीन अवस्थामा गुठी जग्गामा घर बनाएकोमा दर्ता गरी दिन सकिन्छ :

८.३.१. गुठी संस्थान ऐन, २०३३ प्रारम्भ हुँदा (२०३३।७४) का बखत संस्थानको स्वीकृति नलिई कसैले गुठी जग्गामा घर बनाई सकेको रहेछ भने त्यस्तो जग्गा संस्थानले तोके बमोजिम दस्तुर लिई मोहीयानीमा दर्ता गरिदिन सकिन्छ । यस व्यवस्था बमोजिम २०३३।७४ भन्दा अघि नै कसैले गुठी जग्गामा संस्थानको स्वीकृति नलिई घर बनाई बसेको रहेछ भने मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनका लागि तोकेको न्यूनतम मूल्यको १५% (पन्ध्र प्रतिशत) ले हुने रकम दस्तुर लिई मोहीयानीमा दर्ता गर्ने भनी संस्थानले तोकेको छ ।

८.३.२. गुठी संस्थान ऐन, २०३३ को दफा ३५ को उपदफा (३) को प्रतिवन्धात्मक वाक्यांश प्रारम्भ (२०४१।८।२४) हुनु भन्दा अघि गुठी जग्गामा घर बनाएकोमा त्यस्तो घर बनाउने व्यक्तिको कुनै वदनियत थिएन भन्ने संस्थानलाई लागेमा गुठी संस्थान कार्य व्यवस्था विनियम,

२०४९ को विनियम २३ मा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको मूल्यको २५% प्रतिशतले हुने रकम अतिरिक्त दस्तुर तोकी त्यस्तो रकम बुझाएमा मोहीयानीमा उल्लेखित प्रतिबन्धात्मक वाक्यांश बमोजिम दर्ता गर्न सकिन्छ । यस प्रयोजनको लागि २०३३।७।५ देखि २०४१।८।२४ भित्रमा घर बनाएको हुनुपर्छ ।

८.३.३. २०४६ साल चैत्र २६ गते अघि कसैले गुठी तैनाथी जग्गामा आफ्नै पूँजी लगाई घर बनाई बसोवास गरी आएको रहेछ भने त्यस्तो घर घडेरी जग्गा मूल्य लिई गुठी रैतान नम्बरीमा दर्ता गरिदिन सकिने व्यवस्था ऐनको दफा २५ को उपदफा (३) मा छ । यस्तो घर घडेरी जग्गा दर्ता गर्न गुठी संस्थान कार्य व्यवस्था विनियम, २०४९ को विनियम ११ को उपविनियम (३) मा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको मूल्यमा शत प्रतिशत थप गर्दा हुने मूल्य भनि तोकिएको छ । २०४१।८।२५ देखि २०४६।१२।२६ सम्म आफ्नै पुँजी लगाई व्यक्तिले गुठी जग्गामा घर बनाएकोमा त्यस्तो घर घडेरी जग्गा सम्म उक्त मूल्य लिई दर्ता गर्न सकिने हुन्छ ।

### ८.४ संस्थानलाई सहयोग गर्नुपर्ने

गुठी परम्परा बमोजिम चलाउनु पर्ने काम, गुठीको चल अचल सम्पत्तिको संरक्षण गर्ने काम र संस्थानको घर, जग्गा, देवस्थल, पाटी पौवामा संस्थानको स्वीकृति वेगर जवरजस्ती भोग चलन गर्नेलाई हटाउने जस्ता काममा स्थानीय प्रशासन, प्रहरी र गाउँ विकास समिति वा नगरपालिकाले सहयोग गर्नु पर्ने व्यवस्था गुठी संस्थान ऐनको दफा ५३ मा गरिएको छ । त्यस्तै प्रत्येक जिल्ला कार्यालयले आफ्नो जिल्लामा रहेका गुठीको काम कारवाहीको रेखदेख गर्नुका साथै देवस्थलमा रहेका प्राचीन मूर्ति गरगहना आदि सम्पत्तिको रेखदेख गर्नुपर्ने पनि कानूनी व्यवस्था छ ।

## गुठी संस्थान सम्बद्व केही तथ्याङ्क :

- गुठी जग्गा अहिले ६८ जिल्लामा देखिएको छ ।
- गुठी जग्गा:

| जग्गाको किसिम | पहाडतर्फको रोपनी | तराईतर्फको विगाहा |
|---|---|---|
| (क) रैतान नम्बरी | ३,१५,४७२ | ६२,२५६ |
| (ख) अधिनस्थ | २,४३,६०७ | २,१९६ |
| (ग) तैनाथी | २,९११ | १,८७८ |
| जम्मा | ५,६१,९९० | ६६,३३० |

- **देशभरीको राजगुठी संख्या- २०८२**

  (क) अमानति - १०५०

  (ख) छुट - १०३२

- उपत्यकामा रहेको राजगुठी

| | | अमानति | छुट |
|---|---|---|---|
| (क) | काठमाडौं | - ३९२ | - २५८ |
| (ख) | भक्तपुर | - ८६ | - २१५ |
| (ग) | ललितपुर | - ७८ | - ८३ |

- जात्रा पर्वहरु (उपत्यका भित्र)
  - (१) काठमाडौं तर्फ - १२८२
  - (२) भक्तपुर तर्फ - ३०९
  - (३) ललितपुर तर्फ - ४२२
- देवस्थल/पोखरीहरु : (१) मठ मन्दिर - ७१७
  - (२) पाटी, पौवा, सत्तलहरु -६४७
  - (३) पोखरी - १५९
- पशुपति क्षेत्र भित्रको जात्रा गुठी
  - (क) अमानत गुठी -८४
  - (ख) छुटगुठी - ६९
  - (ग) रकमी कामदार - १२७५
- गुठीको देवस्थल, पाटी, पौवा,
  - (क) मठमन्दिर - ७१७
  - (ख) पाटी पौवा - ६४७
  - (ग) पोखरी - १५९
- नेपाल सरकारले गुठी जग्गा उपयोग गरे वापत संस्थानलाई दिनुपर्ने रकम करिव एक अरब पच्चिस करोड ।
- निजी गुठीहरुको अभिलेख राख्ने व्यवस्था ऐनको दफा १९ क ले गरे पनि मालपोत कार्यालयहरुबाट नीजिगुठीको अभिलेख सवै लिन आज सम्म सकेको छैन । समय समयमा नीजि गुठीका गुठीयारहरुलाई लगत बुझाउन गुठी संस्थानले सूचना प्रकाशित गरे पनि त्यस्को Response सम्बन्धितबाट भएन । यस्को कारण नबुझाउनेलाई के कारवाही गर्ने ऐनले स्पष्ट रुपमा दिशा निर्देश गर्न नसक्नु हो ।

**संस्थानमा विद्यमान ऐन नियम निर्देशिकाहरु :**

१. गुठी संस्थान ऐन,२०३३ (संशोधन सहित)
२. गुठी संस्थान कार्य व्यवस्था विनियम,२०४९ (संशोधन सहित)
३. गुठी संस्थान आर्थिक प्रशासन विनियमावली,२०६१
४. गुठी संस्थान कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियम,२०५१ (संशोधन सहित)
५. गुठी संस्थानको कार्य संचालन निर्देशिका

६. गुठी संस्थान आन्तरिक व्यवस्थापन निर्देशिका,२०६०

**अन्तिम तयारीमा रहेका निर्देशिकाहरु :**

१. गुठी संस्थान कार्य विभाजन निर्देशिका

२. गुठी संस्थान जग्गा बिक्री कार्यविधि